# नयाँ संविधान मार्फत सुनिश्चित गरिनु पर्ने दलित समुदायको साझा सवालहरु

**दलित समुदायको हक अधिकारका लागि क्रियाशिल संघ, संस्था, संगठन, संजाल र महासंघहरुद्धारा विभिन्न समयमा सामुदायिक, जिल्ला, क्षेत्रीय तथा राष्ट्रिय स्तरका सभा सम्मेलन, छलफल, अन्तर्क्रिया एवं अभिमत संकलन मार्फत उठान गरिएका दलित सरोकारका सवालहरुमा दलित समुदायका सभासद, राजनीतिक विश्लेषक, वुद्धिजिवी तथा अधिकारकर्मीहरुलगायत करिव ४०,००० व्यक्तिहरुको मत तथा अवधारणाहरुको विश्लेषण गर्दै तयार पारिएको नयाँ संविधानमा सुनिश्चित गरिनु पर्ने दलित समुदायका साझा सवालहरु:**

१. संविधानको प्रस्तावनामा राज्यले विगतमा दलित समुदाय विरुद्ध गरेको अन्याय र भेदभावको स्वीकारोक्ती, यसको पूर्ण अन्त्य सहित छुवाछुतमुक्त राज्य स्थापनाका लागि प्रतिवद्धता उल्लेख हुनु पर्छ ।

२. दलित समुदायको मर्यादित जीवन जिउन पाउने अधिकार सुनिश्चित गरिनु पर्छ । यसका लागि जातका अधारमा गरिने छुवाछूत र भेदभाव वा त्यस्तो आसयले गरिने ब्यवहारलाई राज्यले १० वर्ष भित्र निर्मूल पार्ने संकल्प गरी संविधान जारी भएको मितिले १ वर्षभित्र छुवाछूत र जातीय भेदभाव अन्त्य सम्बन्धी छुट्टै कानून, नीति, नियम र कार्यक्रम बनाई लागु गर्ने संबैधानिक ब्यवस्था/प्रत्याभुति गर्नु पर्छ ।

३. राज्य एवं सामाजका सवै क्षेत्रमा जातका अधारमा गरिने छुवाछूत र भेदभाव वा त्यस्तो आसयले गरिने ब्यवहारलाई राज्य विरुद्धको र मानवता विरुद्धको जघन्य सामाजिक अपराधको रुपमा लिई यस्ता अपराध गर्नेलाई १ देखि १० वर्षसम्म कैद र २५ हजार देखि १ लाखसम्म जरिवाना र यस अपराधमा सजाय पाएका ब्यक्तिहरुलाई सार्वजनिक पदमा नियुक्त/धारण गर्न अयोग्य ठहरिने संवैधानिक ब्यवस्था गर्नु पर्छ ।

४. दलित समुदायका लागि आधारभूत तहदेखि सनातकतहसम्म (प्राविधिकमा समेत) छात्रवृत्तिसहितको निःशुल्क शिक्षा पाउने अधिकार प्रत्याभूत हुनु पर्छ । साथै प्रत्येक बावु-आमा/अभिभावकले आफ्ना वालवालिकालाई कम्तीमा कक्षा १२ सम्म अनिवार्य स्कूल पठाउनु पर्ने नागरिक कर्तब्य तोकिनु पर्छ ।

५. दलित समुदायलाई जातकै आधारमा निकृष्ठ प्रकारका श्रम गर्न वाद्य तुल्याइएकाले निःशुल्क स्वास्थ्य उपचारको ब्यवस्था गरिनु पर्छ ।

६. लैङ्गिक आधारमा गरिने विभेद (छाउपडि, वालविवाह, बहुविवाह, दाइजो, अनमेल विवाह, धनखाने...) कुप्रथा र कुसंस्कृतिहरुको पूर्ण अन्त्यको लागि क्षतिपूर्ति सहित पुनर्स्थापनाको ब्यवस्था र विधवा महिलाहरुको लागि विधवा भएको दिनदेखि सामाजिक सुरक्षा (विधवा भत्ता) र अन्तरजातीय विवाह गर्ने जोडीलाई शिक्षा, रोजगारी, संरक्षण र प्रोत्साहनको ब्यवस्थाको प्रत्याभूति गर्नु पर्छ ।

७. दलित समुदायका परम्परागत चाडपर्व, मौलिक नाच, बाजागाजा (पञ्चेबाजा, सारङ्गी, हुड्के), कला, संस्कृतिहरुलाई राष्ट्रको संस्कृतिमा सुचिकृत गरी संरक्षण र प्रवर्द्धनका साथै राष्ट्रिय संग्रालय तथा प्रतिष्ठानको निर्माण गरिनु पर्छ ।

८. बैज्ञानिक भूमिसुधार मार्फत भूमिहीन दलित समुदायलाई भूमी सहित बसोबासको ब्यवस्था गरिनु पर्छ ।

२०. नागरिकताबाट बन्चित दलित (विशेषगरी मधेशी दलित) लाई विशेष व्यवस्था मार्फत नागरिकताको व्यवस्था गरिनु पर्छ ।

२१. बालअधिकारको पूर्ण प्रत्याभूतिका लागि १६ वर्ष मुनिका सम्पूर्ण दलित बालबालिकालाई निकृष्ट बालश्रम मुक्त गरी अनाथ, असक्त र टुहुरालाई छुट्टै प्रकारको पालन, पोषण, शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्था राज्यले गर्नु पर्छ ।

२२. दलित शब्दको स्पष्ट परिभाषा *(सीप र कलाका धनी, परिश्रमी र इमान्दार राज्यसत्ता तथा समाजबाट आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक एवं राजनैतिकरुपमा शोषण, दमन, बहिष्करण र बन्चितिमा पारिएका छुवाछूत र जातीय भेदभावबाट उत्पिडित समुदाय हो)* र यस समुदायभित्र पर्ने जात जातिको सूची संविधानमा नै उल्लेख गर्नु पर्छ ।

२३. संघीयताको ढाँचा निर्धारण गर्दा भूगोल र आर्थिक स्रोत/साधनको आधारमा गरिनु पर्छ जसमा दलित समुदायको श्रोत साधन, अवसरमा पहुँच र समानुपातिक सहभागिताको ग्यारेन्टी गरिनु पर्छ ।

२४. संघीय संरचनामा दलित सवालमा राष्ट्रिय संविधानमा दलित समुदायका हीतका पक्षमा भएका व्यवस्था कटौती गर्न नपाइने तर बढोत्तरी गर्न पाउने व्यवस्था सुनिश्चित गरिनु पर्छ ।

२५. राज्यका केन्द्रदेखि स्थानीय तहसम्म पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाउनु पर्छ । वा दलित समुदायका लागि २० प्रतिशत प्रतिनिधित्व हुनेगरी निर्वाचन क्षेत्र तोकिनु पर्छ । बहुसदस्यीय पूर्ण समानुपातिक प्रत्यक्ष निर्वाचन प्रणाली (दलित दलितबीच प्रतिशपर्धा गराउन सबै राजनीतिक दलहरुले दलित उमेदवार उठाउनु पर्ने व्यवस्था) ।